# ठाटीकाँध गाउँपालिका

## खानेपानी रणनीति कार्यान्वयन

## वार्षिक खानेपानी योजना तयारीका लागि प्राथमिकता मापदण्ड

२०७८

**ठाटीकाँध गाउँपालिका**

**गाउँ कार्यपालिका कार्यालय**

**दैलेख**

**कर्णाली प्रदेश, नेपाल**

# १. उदेश्य

ठाटीकाँध गाउँपालिकाले खानेपानी रणनीति सन् २०२१-२०३० लागु गरेको छ। "वार्षिक खानेपानी योजनाका लागि प्राथमिकता मापदण्ड|" ले खानेपानी रणनीतिको लक्ष्य प्राप्त गर्न तथा यसका रणनीति एवं कार्ययोजनाहरु कार्यान्वयन गर्नका लागि वार्षिक लगानीका प्राथमिकता मापदण्ड निर्देशन गर्नेछ।

# २. खानेपानी सेवास्तर उन्नति लक्ष्य

ठाटीकाँध गाउँपालिकाले खानेपानी रणनीति अनुसार देहाय बमोजिमका खानेपानी सेवा उन्नति गर्ने लक्ष्य तय गरेको छ।

| अवधि (वर्ष) | घरपरिवारहरुको खानेपानी सेवास्तर | लक्ष्य (घरधुरी संख्या) | लक्ष्य (%घरधुरी) |
|---|---|---|---|
| सन् २०२५ सम्ममा | उच्च खानेपानी सेवास्तर | 490 | 11.0 |
| | मध्यम खानेपानी सेवास्तर | 3193 | 71.4 |
| | आधारभुत खानेपानी सेवास्तर | 787 | 17.6 |
| सन् २०२८ सम्ममा | उच्च खानेपानी सेवास्तर | 2617 | 58.5 |
| | मध्यम खानेपानी सेवास्तर | 1853 | 41.5 |
| | आधारभुत खानेपानी सेवास्तर | - | - |
| सन् २०३० सम्ममा | उच्च खानेपानी सेवास्तर | 4470 | 100.0 |
| | मध्यम खानेपानी सेवास्तर | - | - |
| | आधारभुत खानेपानी सेवास्तर | - | - |

# ३. खानेपानी सेवास्तर उन्नतिका लागि वार्षिक लगानी प्राथमिकता

ठाटीकाँध गाउँपालिकाले खानेपानी रणनीति सन् २०२१-२०३० को खानेपानी रणनीतिक कार्ययोजनालाई पालिकाको वार्षिक योजना तथा बजेट र यस गाउँपालिकामा सहयोग गर्ने खानेपानी साझेदारहरुको लगानीलाई देहाय बमोजिम प्राथमिकतामा राखेको छ।

## ३.१ सन् २०२१ देखि २०२५ सम्मका रणनीतिक कार्ययोजनाहरुको प्राथमिकता

प्राथमिकता १: "खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि २०७८" को कार्यन्वयन गर्ने

पालिका र वडा स्तरमा खानेपानी रणनीति कार्यान्वयन, खानेपानी सेवास्तर उन्नति निर्माण कार्य तथा खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यन्वयन गर्नमा सहयोग तथा सहकार्य गर्ने संरचनाहरुको स्थापना गरि जिम्मेवारी कार्यान्वयन गर्ने। यी संरचनाहरु "खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि २०७८" अनुसार हुनेछन।

प्राथमिकता २: खानेपानी सेवास्तर उन्नति निर्माण कार्य देहाय अनुसारका प्राथमिकतामा हुनेछन | प्राथमिकतामा परेका आयोजनाहरुको सेवास्तर निर्माण कार्य गर्दा त्यस खानेपानी आयोजना अन्तर्गत पर्ने स्वास्थ्य संस्थाहरु र विद्यालयहरुको अन्तरिक खानेपानीको भण्डारण (२ दिन सम्म आयोजनाबाट धारामा पानी सेवा बन्द रहेमा समेत अटुट पानी सेवा पुग्ने क्षमताको), क्लोरिन डोजिंग युनिट, प्लाम्बिंग, र मापदण्ड अनुसारका स्थान तथा संख्यामा धाराहरुको निर्माण गरि संस्थाहरुमा मध्यम स्तरको खानेपानी सेवाको संरचना निर्माण हुनेछ |

प्राथमिकता २.१: गुणस्तर सेवास्तर र विश्वसनीयता सेवास्तर आधारभूत भन्दा तल रहेका विद्यमान खानेपानी आयोजनाहरुको सेवास्तर उन्नति गरि आधारभूत स्तरमा पुराउने |

खानेपानी रणनीतिक कार्ययोजनाका देहायका सेवास्तर उन्नति समुह यस प्राथमिकतामा परेका छन् |

| | | | |
|---|---|---|---|
| ३ | विद्यमान खानेपानी आयोजनाको सेवास्तर वृद्धि गरि आधारभूत स्तरमा पुराउने | | |
| | ३.१ | विश्वसनीयता सेवास्तर वा गुणस्तर सेवास्तर आधारभूत भन्दा तल रहेका खानेपानी आयोजनाहरुको सेवास्तर ब्रिद्धी गरि आधारभूत स्तरमा पुराउने | |
| | | ३.१.१ | विश्वसनीयता सेवास्तर आधारभूत भन्दा तल रहेका वा गुणस्तर सेवास्तर आधारभूत भन्दा तल रहेका मूल मुहान भएका विद्यमान आयोजनाहरुको साना मर्मत र मुख्य रुपमा संचालन ब्यबस्थापन र पानी सुरक्षा योजना ब्यबस्थापनमा सुधार गरि आधारभूत सेवास्तरमा स्तरउन्नति गर्ने | (१७ आयोजना, ७८७ परिवार संख्या, २ स्वास्थ्य संस्था, ९ विद्यालय) |
| | | ३.१.२ | आधारभूत भन्दा तल रहेका बाँकि विद्यमान आयोजनाहरुको सेवा स्तर उन्नति निर्माण गरि आधारभूत स्तरमा पुराउने (० आयोजना) |

प्राथमिकता २.२: हाल निर्माणाधीन आयोजनाको निर्माण सम्पन्न गरि तथा हालै संम्पन्न भएका खानेपानी आयोजनहरुमा "खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि" लागु गरि मध्यम सेवास्तरमा पुराउने |

खानेपानी रणनीतिक कार्ययोजनाका देहायका सेवास्तर उन्नति समुह यस प्राथमिकतामा परेका छन् |

| | | | |
|---|---|---|---|
| १. | आयोजनाको सेवास्तर मध्यम पुराउने | | |
| | १.४ | हाल निर्माणाधीन आयोजनाको निर्माण सम्पन्न गरि तथा हालै संम्पन्न भएका निजि धारा प्रणालीका खानेपानी आयोजनाहरुमा संचालन ब्यबस्थापन राम्रो बनाई मध्यम सेवास्तरमा पुराउने | |
| | | १.४.१ | हालै सम्पन्न भएका खानेपानी आयोजनहरु (१ आयोजना, ४०० घरपरिवार, १ स्वास्थ्य संस्था, ४ विद्यालय) |
| | | १.४.२ | हाल निर्माणाधीन रहेका खानेपानी आयोजनहरु (१२ आयोजना, ३४२ घरपरिवार, ० स्वास्थ्य संस्था, ५ विद्यालय) |

प्राथमिकता २.३: हाल पाइपलाइन खानेपानी आयोजना नभएका वस्तीहरुमा मध्यम सेवास्तरको नयाँ आयोजना निर्माण गर्ने |

खानेपानी रणनीतिक कार्ययोजनाका देहायका सेवास्तर उन्नति समुह यस प्राथमिकतामा परेका छन् |

| | | | |
|---|---|---|---|
| १. | आयोजनाको सेवास्तर मध्यम पुराउने | | |
| | १.३ | हाल पाइपलाइन खानेपानी आयोजना नभएका वस्तीहरुमा मध्यम सेवास्तरको नयाँ आयोजना निर्माण गर्ने। | |
| | | १.३.१ | हाल पाइपलाइन खानेपानी आयोजना नभएका वस्तीहरुमा अनुमानित नयाँ आयोजना (१७ आयोजना, ६५० परिवार संख्या, २ स्वास्थ्य संस्था, ७ विद्यालय) |
| | | १.३.२ | छुट्टै खानेपानी आयोजना भएका संस्थाहरु (० स्वास्थ्य संस्था, ० विद्यालय)। नयाँ आयोजना निर्माण र संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य। |

## प्राथमिकता २.४: विद्यमान खानेपानी आयोजनाहरुको पुन:निर्माण कार्य गरि मध्यम सेवा स्तरमा पुराउने।

खानेपानी रणनीतिक कार्ययोजनाका देहायका सेवास्तर उन्नति समुह यस प्राथमिकतामा परेका छन्।

| | | | |
|---|---|---|---|
| १. | आयोजनाको सेवास्तर मध्यम पुराउने | | |
| | १.१ | विद्यमान आयोजनाहरुको पुन: निर्माण गरि मध्यम सेवा स्तरमा पुराउने। | |
| | | १.१.१ | कुनै पनि धारा संचालनमा नरहेका खानेपानी आयोजना (१ आयोजना, १६१ परिवार संख्या, १ विद्यालय) |
| | | १.१.२ | १००% धाराको पानीको परिमाण सेवास्तर आधारभूत भन्दा तल रहेका आयोजना (२ आयोजना, ४८ परिवार संख्या) |
| | | १.१.३ | ८०% धाराको पहुँच सेवास्तर आधारभुत भन्दा तल रहेका आयोजना (१० आयोजना, १९५ परिवार संख्या) |
| | | १.१.४ | पाइपलाइन नभएका मुहान/पँधेरो सुधार आयोजना (६ आयोजना, ११५ परिवार संख्या) |
| | | १.१.५ | समग्र सेवास्तर आधारभूत भन्दा तल रहेका छुट्टै संस्थागत आयोजना (संस्थाको लागि मात्र बनाइएको, समुदायको लागि कुनै पनि धारा वितरण नभएका आयोजना मात्र) (० स्वास्थ्य संस्था, ३ विद्यालय)। यस्ता आयोजनाको पुन: निर्माण र संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य |
| | | १.१.६ | पहुँच सेवास्तर आधारभूत भन्दा तल रहेका आयोजना (१५ आयोजना, ६१० परिवार संख्या, १ स्वास्थ्य संस्था, ३ विद्यालय) |
| | | १.१.७ | पहुँच सेवास्तर आधारभूत भन्दा तल रहेका छुट्टै संस्थागत आयोजना (० स्वास्थ्य संस्था, ० विद्यालय) |
| | | १.१.८ | खानेपानी सेवास्तर सर्भेक्षण नभएका विद्यमान खानेपानी आयोजनाहरु (१९ आयोजना, ७३३ परिवार संख्या, ८ विद्यालय) |

**प्राथमिकता २.५: बजार वा घना वस्ती क्षेत्रमा उच्च सेवास्तरको ठुला खानेपानी आयोजना निर्माणको लागि बिस्तृत अध्ययन गरि डी.पी.आर. तयार गर्ने कार्य (प्रदेश सरकारको खानेपानी डिभिजन कार्यालय वा संघिय सरकारको खानेपानी प्रोजेक्टहरुसंग अध्ययन र कार्यन्वयनको लागि अनुरोध र समन्वय गर्ने |)**

खानेपानी रणनीतिक कार्ययोजनाका देहायका सेवास्तर उन्नति समुह यस प्राथमिकतामा परेका छन् |

| | | | |
|---|---|---|---|
| ४ | बजार वा घना वस्ती भएका क्षेत्रमा उच्चस्तरको नयाँ खानेपानी आयोजना निर्माणको लागि बिस्तृत अध्ययन गरि डी.पी.आर. तयार गर्ने | | | |
| | ४.१ | बजार वा घना वस्ती भएका क्षेत्रमा उच्चस्तरको नयाँ खानेपानी आयोजना निर्माणको लागि बिस्तृत अध्ययन गरि डी.पी.आर. तयार गर्ने | यसको लागि कम्तिमा एक वर्ष सम्म श्रोतको पानीको परिमाणको मासिक रुपमा नाप र पानीको गुणस्तर मासिक रुपमा परिक्षण गरि डी.पी.आर. तयार गर्दा तथ्यांक विश्लेषण गरि सुधारका उपायहरु अबलम्बन गर्ने | (3 आयोजना, १००० घरपरिवार, 3 स्वास्थ्य संस्था, 6 विद्यालय) | |
| | | ४.१.१ | पहिलो प्राथमिकता बजार क्षेत्रमा |
| | | ४.१.२ | दोश्रो प्राथमिकता घना वस्ती क्षेत्रमा |

**प्राथमिकता २.६: पानीको परिमाण सेवास्तर मध्यम रहेका विद्यमान आयोजनाहरुमा पूर्ण रुपमा निजि धारा प्रणालीमा स्तर उन्नति निर्माण कार्य गरि मध्यम सेवास्तरमा पुराउने |**

खानेपानी रणनीतिक कार्ययोजनाका देहायका सेवास्तर उन्नति समुह यस प्राथमिकतामा परेका छन् |

| | | | |
|---|---|---|---|
| १. | आयोजनाको सेवास्तर मध्यम पुराउने | | |
| | १.२ | विद्यमान आयोजनाहरुमा पूर्ण रुपमा निजि धारा प्रणालीमा स्तर उन्नति निर्माण कार्य गरि मध्यम सेवास्तरमा पुराउने | | |
| | | १.२.१ | पानीको परिमाण सेवास्तर मध्यम रहेका विद्यमान आयोजना (१८ आयोजना, ३२० परिवार संख्या, १ स्वास्थ्य संस्था, ५ विद्यालय) |

**प्राथमिकता २.७: पानीको परिमाण सेवास्तर उच्च रहेका विद्यमान खानेपानी आयोजनाहरुमा निजि धारा प्रणाली निर्माण र पानीको गुणस्तर सुधार गर्ने निर्माण कार्यहरु गरि उच्च सेवा स्तरमा पुराउने |**

खानेपानी रणनीतिक कार्ययोजनाका देहायका सेवास्तर उन्नति समुह यस प्राथमिकतामा परेका छन् |

| | | | |
|---|---|---|---|
| २ | विद्यमान खानेपानी आयोजनाको सेवास्तर वृद्धि गरि उच्च स्तरमा पुराउने | | | |
| | २.१ | विद्यमान खानेपानी आयोजनालाई निजि धारा प्रणालीमा उच्च सेवा स्तरको निर्माण सुधार गर्ने | |
| | | २.१.१ | पानीको परिमाण सेवा स्तर उच्च रहेका खानेपानी आयोजना (२६ आयोजना, ४९० परिवार संख्या, ० स्वास्थ्य संस्था, ० विद्यालय) |

## ३.२ सन् २०२६ देखि २०२८ सम्मका रणनीतिक कार्ययोजनाहरुको प्राथमिकता

प्राथमिकता २.८: बजार वा घना वस्ती क्षेत्रमा उच्च सेवास्तरको नयां खानेपानी आयोजना निर्माण वा विद्यमान आयोजनामा थप निर्माण कार्य गरि उच्च स्तरमा पुराउने |

खानेपानी रणनीतिक कार्ययोजनाका देहायका सेवास्तर उन्नति समुह यस प्राथमिकतामा परेका छन् |

| | |
|---|---|
| ३ | बजार वा घना वस्ती भएका क्षेत्रमा उच्चस्तरको नयाँ खानेपानी आयोजना निर्माण | (६ आयोजना, १५०० घरपरिवार) | |

प्राथमिकता २.९: आधारभूत स्तरमा रहेका विद्यमान खानेपानी आयोजनाहरु, विद्यालय र स्वास्थ्य संस्थामा स्तर उन्नति निर्माण गरि मध्यमस्तरमा पुराउने |

खानेपानी रणनीतिक कार्ययोजनाका देहायका सेवास्तर उन्नति समुह यस प्राथमिकतामा परेका छन् |

| | |
|---|---|
| १ | आधारभूत स्तरका खानेपानी आयोजनको स्तर उन्नति निर्माण गरि मध्यम स्तरको बनाउने (१७ आयोजना, ७८७ घरपरिवार) | (समाबेशी खानेपानी रणनीति कार्यन्वयन गर्ने गरि) |
| २ | खानेपानीको सेवास्तर उन्नति गर्न बाँकि रहेका संस्थाहरुमा मध्यम स्तरको खानेपानी सेवा पुराउने (२ स्वास्थ्य संस्था, ६ विद्यालय) | यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गरि मध्यम सेवा स्तरमा पुराउने | |

प्राथमिकता २.१०: मध्यम सेवास्तरको खानेपानी भएका विद्यालय र स्वास्थ्य संस्थाहरुमा उच्चस्तरको खानेपानी सेवा पुराउने |

| | |
|---|---|
| ४ | मध्यम सेवा स्तरमा रहेका संस्थाहरुमा उच्चस्तरको खानेपानी सेवा पुराउने (३ स्वास्थ्य संस्था, ६ विद्यालय) | यस्ता संस्थामा आन्तरिक खानेपानी संकलन, प्लम्बिंग आदिको सुधार र क्लोरिन डोजिंग युनिट स्थापना गर्ने | |

प्राथमिकता २.११: थप बजार वा घना वस्ती भएका क्षेत्रहरुमा उच्चस्तरको नयाँ खानेपानी आयोजना निर्माणको लागि बिस्तृत अध्ययन गरि डी.पी.आर. तयार गर्ने |

| | |
|---|---|
| ५ | थप बजार वा घना वस्ती भएका क्षेत्रहरुमा उच्चस्तरको नयाँ खानेपानी आयोजना निर्माणको लागि बिस्तृत अध्ययन गरि डी.पी.आर. तयार गर्ने | यसको लागि कम्तिमा एक वर्ष सम्म श्रोतको पानीको परिमाणको मासिक रुपमा नाप र पानीको गुणस्तर मासिक रुपमा परिक्षण गरि डी.पी.आर. तयार गर्दा तथ्यांक विश्लेषण गरि सुधारका उपायहरु अबलम्बन गर्ने | (६ आयोजना, १००० घरपरिवार) |

## ३.३ सन् २०२६ देखि २०२८ सम्मका रणनीतिक कार्ययोजनाहरुको प्राथमिकता

प्राथमिकता २.१२: बजार वा घना वस्ती भएका क्षेत्रमा उच्चस्तरको नयाँ खानेपानी आयोजना निर्माण गर्ने |

| | | |
|---|---|---|
| १ | सबैलाई उच्चस्तरको खानेपानी सेवा पुराउने | |
| | १.१ | बजार वा घना वस्ती भएका क्षेत्रमा उच्चस्तरको नयाँ खानेपानी आयोजना निर्माण \| (६ आयोजना, १५०० घरपरिवार) (समाबेशी खानेपानी रणनीति कार्यन्वयन गर्ने गरि) |
| | | |

प्राथमिकता २.१३: मध्यम सेवा स्तरमा बाँकि रहेका विद्यमान खानेपानी आयोजनाहरु, विद्यालय र स्वास्थ्य संस्थाहरुलाई उच्च स्तरमा पुराउने |

| | | |
|---|---|---|
| १ | | सबैलाई उच्चस्तरको खानेपानी सेवा पुराउने |
| | १.१ | मध्यम सेवा स्तरमा रहेका संस्थाहरुमा उच्चस्तरको खानेपानी सेवा पुराउने (३ स्वास्थ्य संस्था, ६ विद्यालय) \| यस्ता संस्थामा आन्तरिक खानेपानी संकलन, प्लम्बिंग आदिको सुधार र क्लोरिन डोजिंग युनिट स्थापना गर्ने \| |
| | १.२ | मध्यम सेवा स्तरमा रहेका आयोजनाहरुलाई राम्रो संचलन तथा मर्मत सुधार ब्यबस्थापन गरि उच्च स्तरमा पुराउने र सम्पूर्ण आयोजनाहरुको राम्रो संचलन ब्यबस्थापन गर्ने \| |

## ४. खानेपानी आयोजना छनौट प्राथमिकता मापदण्ड

खण्ड-३ अनुसारका प्राथमिकता समुह भित्र परेका आयोजनाहरुको खानेपानी सेवास्तर उन्नति गर्नका लागि बिस्तृत सर्भेक्षण एवं निर्माण कार्यका लागि खानेपानी आयोजनाहरुको छनौट देहायका प्राथमिकता मापदण्डहरुका आधारमा गरिनेछ | प्राथमिकता समुहमा परेका विद्यमान, निर्माणाधीन, तथा हालै सम्पन्न खानेपानी आयोजनाहरु र पाइपलाइन खानेपानी आयोजना नपुगेका वस्तीहरुको फेहरिस्त खानेपानी रणनीतिको अनुसूची १, अनुसूची २, र अनुसूची ३ मा रहेको छ |

प्राथमिकता समुहको छनौट खण्ड ३ अनुसारको प्राथमिकतामा हुनेछ | प्राथमिकता समुह भित्रका आयोजनाहरुको विस्तृत सर्भेक्षण तथा खानेपानी सेवास्तर निर्माण कार्यको लागि छनौट देहाय अनुसार हुनेछ |

१. देहाय अनुसारका लगानी तथा खानेपानी संचालन गर्न सहमत भएका खानेपानी सेवा प्रदायकहरु आयोजनाको सेवास्तर उन्नति निर्माण कार्यको लागि प्रथम छनौटमा पर्नेछन |

- खानेपानी सेवास्तर उन्नति गर्दा सेवा प्रदायक वा समुदायले गर्नु पर्ने लगानी तथा योगदान गर्ने छ |
- खानेपानी सेवा प्रदायकले आयोजनाको सेवास्तर उन्नति निर्माण कार्य सम्पन्न भए पश्चात "खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि २०७८" लागु गर्नेछ |
- खानेपानी सेवा प्रदायकको बोर्ड वा समिति "खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि २०७८" मा व्यवस्था भए अनुसारको पूर्ण समाबेशी हुनु पर्नेछ |
- खानेपानी सेवा प्रदायक नेपाल सरकारमा दर्ता हुनु पर्नेछ |

२. आयोजनाको सेवास्तर उन्नतिको लागि विस्तृत योजना प्रतिबेदन (डीपीआर) अनुसार प्राबिधिक, सामाजिक र वातावरणीय उपयुक्तता तथा आयोजनाको दिगोपना भएका आयोजनाहरु निर्माणका लागि छनौटमा पर्नेछन |

- प्राबिधिक उपयुक्तता भएको
- सामाजिक उपयुक्तता भएको
- वातावरणीय उपयुक्तता भएको
- आर्थिक उपयुक्तता भएको
- संचालन खर्च सम्भब भएको
- संचालन गर्न स्थानीय दक्षता भएको
- लक्ष्य अनुसारको खानेपानी सेवास्तर उन्नति हुने

३. दलित, जनजाती, अल्पसंख्यक र अपांगता भएका व्यक्तिहरुको आबश्यकता अनुसारको खानेपानीमा पहुँच निश्चित भएका आयोजनाहरु छनौटमा पर्नेछन |

४. आयोजनाको आर्थिक विश्लेषण गरि थोरै लगानीले धेरै घरपरिवार तथा जनसख्यालाई सेवा पुग्ने आधारमा आयोजना निर्माणको प्राथमिकता हुनेछ |

५. निर्माणको लागि आयोजना छनौटमा दलित, जनजाती, अल्पसंख्यकलाई प्राथमिकता दिने छ |